भुम्लु गाउँकार्यपालिकाको वैठक संख्याः ०५

आ व : २०७९/८०

मितिः २०७९ असोज २७ गते विहिबार

समयः ११:०० विहान

स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ असोज २७ गते विहिबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको वैठक वसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री प्रेम बहादुर भुजेल | - अध्यक्ष |
| २. | श्री जितेन्द्रमान तामाङ्ग | उपाध्यक्ष |
| ३. | श्री लेख बहादुर श्रेष्ठ | सदस्य |
| ४. | श्री सुजन भण्डारी | सदस्य |
| ५. | श्री ज्ञान वहादुर तामाङ्ग | सदस्य |
| ६. | श्री लोक बहादुर कुँवर | सदस्य |
| ७. | श्री अञ्चल कुमार लामा | सदस्य |
| ८. | श्री भरत बहादुर शिवभक्ति | सदस्य |
| ९. | श्री रमेश राज खरेल | सदस्य |
| १०. | श्री मोतिलाल तामाङ्ग | सदस्य |
| ११. | श्री दल बहादुर तामाङ्ग | सदस्य |
| १२. | श्री केसरमान लामा | सदस्य |
| १३. | श्री कल्पना पहरी | सदस्य |
| १४. | श्री कुमारी विश्वकर्मा | सदस्य |
| १५. | श्री चमेली परियार | सदस्य |
| १६. | श्री शान्ती ठकुरी | सदस्य |
| १७. | श्री सुलभ पहरी | सदस्य |
| १८. | श्री विष्णु बहादुर पहरी | सदस्य |
| १९. | श्री देवेन्द्र सुवेदी | सचिव |

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख

२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख

२२. श्री विक्रम वस्नेत - आर्थिक प्रशासन शाखा प्रमुख

**जानकारी एवंम छलफलका विषयहरु:**

१. सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढि नगरपालिकाको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ११ का वडा अध्यक्ष वर्ष ४८ को श्री रोशनराज गिरिले यस भुम्लु गाँउपालिका गाउँकार्यपालिकाका विरुद्ध दायर गर्नुभएकको मुद्दा नं ०७९-WO-०३४१ का सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले मिति २०७९ असोज २५ गते दिएको उत्प्रेषण आदेशलाई यस कार्यपालिकाले जानकारीमा लियो साथै आवश्यक छलफल समेत गर्यो।

२. चालु आ व ०७९/८० यस गाउँपालिकाको खर्च खाताहरु बाट हालसम्म रु ६ करोड ५६ लाख ८६ हजार ४५ रुपैयाँ खर्च भएको विषय कार्यपालिकाले जानकारीमा लियो। यो खर्च कुल वजेटको ७.३७ प्रतिशत रहेको देखिन्छ।

**प्रस्ताव न.१: नदिजन्य पदार्थको ठेक्का सम्बन्धमा।**

यस भुम्लु गाउँपालिकाले मिति २०७९ भाद्र २६ गते आह्वान गरेको विभिन्न नदिजन्य पदार्थहरुको विक्रि प्रयोजनार्थ आह्वान गरेको आन्तरिक आय तर्फको बोलपत्र आव्हान मा केहि आय ठेक्का हरुमा कुनै प्रस्ताव नपरेको तथा केहि आय ठेक्काका सम्बन्धमा सर्वोच्च अदालत बाट अन्तरकालिन आदेश सहितको उत्प्रेषण समेत जारी भएको हुदाँ तपशिल बमोजिमका आय ठेक्का लाइ मात्र पुनः कार्यान्वय अवधिको हुन आउने न्युनतम मुल्य प्रतिमहिनाका दरले दुइ महिनाको कट्टी गरि पुनः ठेक्का आह्वान e-bid मार्फत गर्ने निर्णय गरियो। साथै उक्त आय ठेक्काहरुको Standard Bidding Document(SBD) स्वीकृत गर्ने निर्णय गरियो।

| सिं नं | आय ठेक्का नं | कैफियत |
|---|---|---|
| १ | BRM/NCB/IR/07/079/080 | वडा नं ०९ देउपाले वगर र काफ्लेका गर्तिला वगर |
| 2 | BRM/NCB/IR/09/079/080 | वडा नं १० डडुवा वगर |

**प्रस्ताव नं ०२: अख्तियारी प्रदान गर्ने सम्बन्धमा।**

यस भुम्लु गाउँपालिका गाउँकार्यपालिकालाई विपक्षि बनाइ चौतारा साँगाचोकगढि नगरपालिकाले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा नं ०७९-WO-०३४१ मुद्दाको प्रतिरक्षार्थ यस गाउँपालिकाका कानुनी सल्लाहाकार प्राणनाथ न्यौपाने लाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०३: आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा विभिन्न समयमा यस गाउँपालिकामा आर्थिक सहायता माग भइ आएका तपशिल उल्लेखित व्यक्ति र संस्थाहरुलाई निम्मानुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| सिं नं | नाम थर | आर्थिक सहायताको आवश्यकता | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अस्मिता पहरी(भिम बहादुर पहरीको | क्यान्सर पिडित | ३०,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | श्रिमति) | | | |
| २ | कुमार भुजेल | क्यान्सर पिडित | ५०,०००।०० | |
| ३ | कृष्ण लामा | साइकल यात्रि | ५०,०००।०० | |
| ४ | पाँचखाल महोत्सव | स्थानीय उत्पादन बजारिकरणार्थ | ५०,०००।०० | |
| ५ | शर्मिला पहरी | विपन्न तथा सुत्केरी महिला | ३०,०००।०० | |
| ६ | राधिका बुढाथोकी | कोरोना पिडित | ८,५००।०० | |

**प्रस्ताव नं ०५: सवारी साधन खरिद गर्ने सम्बन्धमा।**

भुम्लु गाउँपालिकाको चालु आ व ०७९/८० को लागि विनियोजित सवारी साधन खरिद अन्तर्गत विनियोजित ३ करोड रुपैया बाट तपशिल बमोजिमका हलुका तथा हेभि इक्विभमेन्टहरु खरिद गर्न आवश्यक कारवाहि अगाडि बढाउने निर्णय गरियो।

| सिं नं | सवारी साधन/इक्विभमेन्ट | थान | कैफियत |
|---|---|---|---|
| १ | स्काभेटर | १ | |
| २ | ट्रिपर | १ | |
| ३ | मोटरसाइकल | १४ | |

**प्रस्ताव नं ०६: दोलालघाट प्रहरी चौकिलाई शैचालय निर्माण गरिदिने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा भुम्लु गाउँपालिका वडा नं १० स्थित दोलालघाट प्रहरी चौकिमा शौचालयको अभाव रहेको तथा आसन्न प्रतिनिध तथा प्रदेश सभा निर्वाचनका लागि उक्त चौकिमा जनशक्ति चाप समेत पर्ने हुनाले एउटा शौचालय अत्यावश्यक रहेको भनि माग भइ आएकोमा उक्त स्थानमा आवस्यक इष्टिमेट गरि शैचालय निर्माण गरिदिने निर्णय गरियो।

**प्रस्ताव नं ०७: पर्यटकीय सम्भाव्यता अध्ययन गर्ने सम्बन्धमा।**

यस भुम्लु गाउँपालिका भित्र रहेको पर्यटकीय सम्भावनाको सम्भाव्यता अध्ययनका लागि नेपाल माउन्टेन एकेडेमि समक्ष आवश्यक सहयोग र सहजीकरण गरिदिन लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं ०८: लागत अनुमान स्विकृत गरी श्रोत व्यहोर्ने सम्बन्धमा।**

यस भुम्लु गाउँपालिकाका लाई वागमति प्रदेश सरकार बाट प्राप्त भएको विषेश अनुदान स्वरुप श्री सार्वजनिक आधारभुत विद्यालय भुम्लु ५ सल्ले लाई रु ६० लाख प्राप्त भएको तथा उक्त बजेट बाट निर्माण गरिने विद्यालय भवनको लागत स्टिमेट ८५ लाख ९ हजार ४१ रुपैया हुन आएकोले उक्त कार्यका लागि नपुग रकम यस गाँउपालिकाको आन्तरीक श्रोत बाट शोधभर्ना हुने गरि लागत अनुमान स्वीकृत गर्ने तथा उक्त कार्यको लागि e-Bid आह्वान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०९: डिपिआर गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा तपशिल उल्लेखित योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन(डिपिआर) तयार गर्न आवश्यक कारबाहि अगाडि बढाउने निर्णय गरियो।

भुम्लु गाउँकार्यपालिकाको बैठक आ.व.:२०७९/८० बैठक संख्या: ०५ मिति २०७९ असोज २७

१. चौरकुना खेलकुद मैदान

२. यातायात गुरु योजनाले तोकेको मुख्य सडकहरु

प्रस्ताव नं १०: विरुवा संरक्षण कार्यक्रम सम्बन्धमा।

यस भुम्लु गाउँपालिकाको ११ औं गाउँ सभाले विनियोजन गरि रातो किताबमा समेटिएको शिर्षक नं २५५२२ दोलालघाट सल्ले सडक किनाराका विरुवा संरक्षण कार्यक्रमका लागि वृहत श्रम अभियान अन्तर्गत वृक्षारोपण कार्यक्रम कार्य गरिरहेको तथा लगाएका विरुवाहरुको संरक्षण गर्नु पर्ने भएको हुनाले ति विरुवा संरक्षणार्थ फलामे केज जालि खरिद गरि विरुवा संरक्षण गर्ने निर्णय गरियो।